दरभाउपत्र आह्वानको सूचना

नेपाल सरकार

काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथ, काठमाण्डौ

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. ०१-०८३/०८४

(पहिलो पटक सूचना प्रकाशन मिति २०८३।०८।०२ गते)

१. राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाट २०८३ साल माघ १ गते देखि २०८४ पौष मसान्त सम्मलाई करिव ४ वटा घोडाका लागि आवश्यकता अनुसारको राशन आपूर्ति गर्न काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय दरभाउपत्र आहवान गर्दछ।

२. खरिद गरिने राशनको किसिम तथा परिमाण दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

३. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन र यस कार्यालयको कार्यालय कोड नं. ३१४०४३५२४(२७-३१४-०६), राजश्व शिर्षक नं. १४२२९ र राष्ट्रिय बाणिज्य बैकको राजश्व खाता नं. क १०००१००२०००१०००० मा नगदै जम्मा गरेको दोश्रो प्रति सक्कल भौचर सहित मिति २०८३।०८।०८ गते कार्यालय समय भित्र खरिद गर्न सक्नेछन।

४. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको मिति देखि ४५ (पैतालीस) दिनको हुनेछ।

५. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ रु. ३५,०००।- (अक्षरुपी पैतिस हजार मात्र) दरभाउपत्र खोलिने मितिदेखि गणना हुनेगरी ७५ दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय थापाथली काठमाण्डौको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२०००००१००२५२४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ संलग्न गर्नुपर्ने छ।

६. शिलबन्दी दरभाउपत्रहरु मिति २०८३।०८।०९ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र दाखिला भएका दरभाउपत्रहरु २०८३।०९।०९ गते दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निधारित मितिमा कारणवस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधिको गणना पूर्व निधारित मिति देखिनै गरिनेछ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ।

९. म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

१०. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

११. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१३. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बझनु परेमा वा दरभाउपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ। साथै यो सूचना यस कार्यलयको वेभ https://traffic.nepalpolice.gov.np/ मा पनि हेर्न सकिने छ।

CamScanner